# १. दुमी व्याकरणको रूपरेखा (Outline of Dumi Grammar)

दुमी भाषामा हालसम्म वर्ण पहिचानको काम भइसकेको छ। यसको साथै भाषाविज्ञानको मान्यताअनुसार व्याकरण निर्माणको क्रममा छ।

## १.१ वर्णविज्ञान (Phonology)

दुमी भाषाको वर्णवैज्ञानिक अध्ययन (Phonological Study) अनुसार यस भाषाका वर्णहरू निम्न प्रकार छन्:

### १.१.१ स्वर वर्णहरू (Vowel Phonemes)

दुमी भाषामा सातवटा आधारभूत स्वरहरू छन्। ती प्रत्येकको दीर्घ रूप यस प्रकार छन्:

| | **अग्र** | **केन्द्रीय** | **पश्च** |
|---|---|---|---|
| **उच्च** | इ/इ: | उ़/उ़: | उ/उ: |
| **मध्य** | ए/ए: | अ/अ: | ओ/ओ: |
| **निम्न** | | आ/आ: | |

यी स्वरहरूका आधारमा व्यतिरेकी लघुतम युग्महरू (Minimal Pairs for Contrast) निम्न अनुसार छन्:

| | | | | |
|---|---|---|---|---|
| /अ/ र /अ:/ | *हना* | 'ल्याउनु' | *ह:ना* | 'खोस्नु' |
| | *खल* | 'गिठो' | *ख:ल* | 'सबै' |
| /आ/ र /आ:/ | *काना* | 'टोक्नु' | *का:ना* | 'भोकाउनु' |
| | *बाना* | 'बताउनु' | *बा:ना* | 'चुहुनु' |
| /इ/ र /इ:/ | *कीना* | 'बाङ्नु' | *की:ना* | 'किन्नु' |
| | *ही* | 'रगत' | *ही:* | 'हावा' |
| /उ/ र /उ:/ | *सु* | 'मासु' | *सु:* | 'दाउरा' |
| | *चुचु* | 'बाजे' | *चु:चु* | 'बच्चा' |
| /उ़/ र /उ़:/ | *चु़* | 'बचेरा' | *चु़:* | 'विष' |
| /ओ/ र /ओ:/ | *खो* | 'भए' | *खो:* | 'भाँडाकुँडा' |
| /ए/ र /ए:/ | *जेना* | 'बोल्नु' | *जे:ना* | 'बोलाउनु' |
| /इ/ र /उ़/ | *क्रीप्ना* | 'काट्नु' | *क्रु़प्ना* | 'बङ्ग्याउनु' |
| /इ/ र /उ/ | *तीना* | 'फुल पार्नु' | *तुना* | 'राख्नु' |
| /इ/ र /ए/ | *ङीना* | 'सुन्नु' | *ङेना* | 'बिरामी हुनु' |
| /इ/ र /अ/ | *खीप्ना* | पकाउनु' | *खप्ना* | 'निफन्नु' |
| /इ/ र /ओ/ | *ङीना* | 'सुन्नु' | *ङोना* | 'रुनु' |
| /इ/ र /आ/ | *सीना* | 'फल्नु' | *साना* | 'बुच्चाउनु' |
| /उ/ र /उ़/ | *चुक्ना* | 'औल्याउनु' | *चु़क्ना* | 'जान्नु' |

| | | | | |
|---|---|---|---|---|
| /उ/ र /ए/ | *हुना* | 'डढ्नु' | *हेना* | 'बित्नु' |
| /उ/ र /अ/ | *थुप्ना* | 'साँच्नु' | *थप्ना* | 'पछार्नु' |
| /उ/ र /ओ/ | *दुक्ना* | 'ठोकिनु' | *दोक्ना* | 'देख्नु' |
| /उ/ र /आ/ | *सुल्ना* | 'लुकाउनु' | *साल्ना* | 'केलाउनु' |
| /ए/ र /अ/ | *चेम्ना* | 'खेलाउनु' | चम्ना | 'चिर्नु' |
| /एः/ र /अः/ | *जेःना* | 'बोल्नु' | *जःना* | 'चराउनु' |
| /ए/ र /ओ/ | *खेना* | 'कोर्नु' | *खोना* | '(माथि) ल्याउनु' |
| /ए/ र /आ/ | *फेना* | 'पस्कनु' | *फाना* | 'खुस्काउनु' |
| /एः/ र /आः/ | *सेःना* | 'मार्नु' | *साःना* | 'बुचाउनु' |
| /अ/ र /ओ/ | *खना* | 'लैजानु' | *खोना* | '(माथि) ल्याउनु' |
| /अ/ र /आ/ | *चम्ना* | 'चिर्नु' | *चाम्ना* | 'हराउनु' |
| /ओ/ र /आ/ | *कोना* | 'काट्नु' | *काना* | 'टोक्नु' |

## १.२ व्यञ्जन वर्णहरू (Consonant Phonemes)

दुमी भाषामा मूलभूत रूपमा २६ वटा व्यञ्जन वर्णहरू र कतिपय आगन्तुक शब्दहरूका आधारमा थप चारवटा समेत गरी जम्मा ३० वटा व्यञ्जन वर्णहरू रहेको मानिन्छ। ती यसप्रकार छन्:

| | | **द्वयोष्ठ्य** | **दन्त्य** | **वर्त्स्य** | | **तालव्य** | **हनुमूलीय** | **कण्ठ्य** |
|---|---|---|---|---|---|---|---|---|
| | | | | **फलकीय** | **धारीय** | | | |
| | | **अ. म.** | **अ.म.** | **अ. म.** | **अ. म.** | **अ. म.** | **अ. म.** | **अ. म.** |
| **स्पर्शी** | अघोष | प फ | त थ | | ट ठ | | क ख | |
| | घोष | ब भ | द ध | | ड ढ | | ग घ | |
| **स्पर्श-सङ्घर्षी** | अघोष | | | च छ | | | | |
| | घोष | | | ज झ | | | | |
| **ऊष्म/ सङ्घर्षी** | अघोष | | | स | | | | |
| | घोष | | | | | | | ह |
| **नासिक्य** | अघोष | | | | | | ङ | |
| | घोष | म | | | न | | | |
| **कम्पित** | अघोष | | | | | | | |
| | घोष | | | | र | | | |
| **पार्श्विक अन्त:स्थ** | अघोष | | | | | | | |
| | घोष | | | | ल | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **केन्द्रीय अन्त:स्थ** | अघोष<br>घोष | व | | | | य | | ? |

**तालिका १: व्यञ्जन वर्णहरू**

यी व्यञ्जनहरूका आधारमा व्यतिरेकी लघुतम युग्महरू (Minimal Pairs for Contrast) निम्न अनुसार छन्:

| | | | | |
|---|---|---|---|---|
| /प/ र /फ/ | *पुक्ना* | 'थुपार्नु' | *फुक्ना* | 'उठ्नु' |
| /ब/ र /भ/ | *बु* | 'बोट' | *भु* | 'अगाडि' |
| /प/ र /ब/ | *पीना* | 'आउनु' | *बीना* | 'दिनु' |
| /फ/ र /भ/ | *फु* | 'कुखुरा' | *भु* | 'अगाडि' |
| /प/ र /भ/ | *प्रेना* | 'टिप्नु' | *भ्रेना* | 'फाट्नु' |
| /त/ र /थ/ | *ताना* | 'कोट्याउनु' | *थाना* | 'चुडाउनु' |
| /द/ र /ध/ | *दाप्सा* | 'चाख्ने' | *धाप्सा* | 'फराकिलो' |
| /त/ र /द/ | *तना* | 'राखिदिनु' | *दना* | 'थाप्नु' |
| /थ/ र /ध/ | *थाङ्ना* | 'खस्नु' | *धाङ्ना* | 'धाउनु' |
| /क/ र /ख/ | *कल्ना* | 'लगार्नु' | *खल्ना* | 'ओसार्नु' |
| /क/ र /ग/ | *काम्ना* | 'चपाउनु' | *गाम्ना* | 'कस्सिनु' |
| /ख/ र /घ/ | *खल्सा* | 'ओसार्ने' | *घल्सा* | 'ठूलो' |
| /ख/ र /ग/ | *खप्ना* | 'निफन्नु' | *गप्ना* | 'नाघ्नु' |
| /च/ र /छ/ | *चम्ना* | 'चिर्नु' | *छम्ना* | 'नाँच्नु' |
| /च/ र /ज/ | *चन्ना* | 'भाग्नु' | *जन्ना* | 'जोत्नु' |
| /च/ र /झ/ | *च्यार्ना* | 'पिसाब फेर्नु' | *झ्यार्ना* | 'घिनाउनु' |
| /म/ र /न/ | *मुना* | 'गर्नु' | *नुना* | 'निको हुनु' |
| /म/ र /ङ/ | *मु* | 'आमा' | *ङु* | 'माछा' |
| /न/ र /ङ/ | *नु* | 'नाक' | *ङु* | 'माछा' |
| /य/ र /व/ | *याना* | 'मन पराउनु' | *वाना* | 'जन्माउनु' |
| /स/ र /ह/ | *साल्ना* | 'केलाउनु' | *हाल्ना* | 'फिँजाउनु' |
| /ल/ र /र/ | *लन्ना* | 'निस्कनु' | *रन्ना* | 'घोप्नु' |

## १.३ अक्षर संरचना (Syllable Structure)

दुमी भाषामा पाइएका अक्षर संरचनाहरू यसप्रकार छन्:

| | | | | |
|---|---|---|---|---|
| १. स्व. | (V) | *ए* | /e/ | 'अरे' |
| २. व्य. स्व. | (CV) | *ही* | /hi/ | 'रगत' |
| ३. स्व. व्य. | (VC) | *अप्* | /up/ | 'फ्याँक्' |
| ४. व्य. स्व. व्य | (CVC) | *खुर* | /k$^h$ur/ | 'हात' |
| ५. व्य. व्य. स्व. | (CCV) | *स्वा* | /swa/ | 'झार' |

६. व्य. व्य. स्व. व्य (CCVC) *ल्याम्* /ljam/ 'जिब्रो'

७. व्य. व्य. व्य स्व. व्य (CCCVC) *क्र्वाक्* /krwak/ 'कोच्'

८. व्य. व्य. व्य स्व. व्य (CCCVC) *प्र्याक्* /prjak/ 'फुट्'

९. व्य. व्य. व्य.स्व. व्य (CCCVC) *फ्ल्याम्* /$p^h$ljam/ 'झम्टिनु'

यसरी कुनैपनि अक्षरको केन्द्र (Nucleus) मा अनिवार्य रूपमा स्वर रहन्छ भने आरम्भक (Onset) तथा विराम (Coda) मा व्यञ्जनहरू रहन्छन् । आरम्भकमा हुने दोस्रो तत्त्व सधैं नै अन्तस्थ (Glide) मात्र हुन्छ । अक्षरको बनावटमा हुने तत्वहरूमा स्वर अनिवार्य रहन्छ भने व्यञ्जनहरू ऐच्छिक हुन्छन् । माथिका अक्षरका प्रकारहरूलाई यसरी पनि प्रस्तुत गर्न सकिन्छ:

(व्य.) (व्य.) **स्व.** (व्य) / (C) (C) (**V**) (C)

यसरी दुमी भाषाको अक्षरको सामान्य सूत्र तल लेखिए अनुसार हुन्छ:

$C_0^2VC_0^1$= (C) (C) (V) (C)

## २. रूपविज्ञान (Morphology)

प्रारम्भिक अध्ययनका आधारमा दुमी भाषामा हालसम्म प्राप्त केही रूपायन (Inflectional) र व्युत्पादन (Derivational) प्रक्रिया निम्नअनुसार छन् ।

### २.१ वचन (Number)

दुमी सर्वनाममा विशेषत: तीन ओटा वचनहरू छन् । नाम र क्रियामा दुईवटा वचनको व्यवस्था रहेको पाइन्छ । त्यसैगरी सर्वनामका भने एकवचन, दुईवचन र बहुवचनका लागि अलग-अलग रूपहरू प्रयोग हुन्छन् । (सर्वनामलाई तल छुट्टै तालिकामा प्रस्तुत गरिएको छ ।)

### अ. नाम (Noun) मा:

'-नु' ले दुईवचन र '-मु' ले बहुवचन जनाउने गर्दछन् ।

| | | | | |
|---|---|---|---|---|
| जस्तै: | *पुलाम्* | 'पाहुना' | *चा:चा* | 'नाति' |
| | *पुलाम्नु* | 'पाहुना दुई' | *चा:चानु* | 'नाति दुई' |
| | *पुलाम्मु* | 'पाहुनाहरू' | *चा:चामु* | 'नातिहरू' |

नोट: दुमी भाषामा आदरार्थी बहु-बचन जनाउन *हाम* को प्रयोग भएको देखिन्छ । जस्तै: *दुस्पीहाम* 'अग्रजहरू', *चुपीहाम* 'पुर्खाहरू' आदि ।

### आ. क्रिया (Verb) मा:

*'-सी'* ले दुईवचन र *'नी'* ले बहुवचन जनाउने गर्दछन् ।

| | | |
|---|---|---|
| जस्तै: | *नम्मेआ जा खीप्ता ।* | 'बुहारीले भात पकाउछिन् ।' |
| | *नम्मेनुआ जा खीप्तासी ।* | 'बुहारी दुईले भात पकाउँछन् ।' |
| | *नम्मेमुआ जा खीप्तानी ।* | 'बुहारीहरूले भात पकाउँछन् ।' |

### इ. पुरुषवाचक सर्वनाम र वचन (Personal Pronouns and numbers)

प्रथम पुरुषका द्विवचन र बहुवचनमा समावेशी र असमावेशी सर्वनाम पनि रहेको पाइन्छ । तृतीय पुरुषमा निकटवाची, दूरवाची र सुदुरवाची गरी तीन तहका सर्वनाम छन् भने दूरवाची तृतीय पुरुष सर्वनाम आदरवाची र अनादरवाची गरी दुई प्रकारको देखिन्छ । दुमी सर्वनामका भेदहरूलाई निम्नअनुसार (तालिका १ मा) प्रस्तुत गरिन्छ ।

| पुरुष | | एकवचन | दुईवचन | बहुवचन |
|---|---|---|---|---|
| प्रथम | समावेसी | आङु, आङ्, अङ, आउँ | इन्ची | इङ्की |
| | असमावेसी | | उन्चु, अन्चु | उङ्कु, अङ्कु |
| द्वित्तीय | | आनी, आनु, आना | आन्ची | आनीमु, आन्नी |
| तृतीय | निकट | उम, ताम, तम | उन्ची, ताम्नु | उनीमु, ताम्मु |
| | दूर, अनादर | याकाम, माम, मोम | याकाम्नु, माम्नु | याकाम्मु, माम्मु |
| | दूर, आदर | हाम | हाम्नु | हाम्मु |
| | सुदूर | ताकाम | ताकाम्नु | ताकाम्मु |

**तालिका २: पुरुषवाचक सर्वनाम**

### ई. प्रश्नवाचक सर्वनाम (Interrogative Pronouns)

दुमी भाषामा पाइने प्रश्नवाचक सर्वनामहरू यस प्रकार छन्:

| | | | |
|---|---|---|---|
| *आसु/आसी* | 'को' | *मो* | 'के' |
| *हेम्* | 'कुन' | *खमु* | 'कता' |
| *खम्बी* | 'कहाँ' | *भीँसोका* | 'कसरी' |
| *हीनम/हीयो* | 'कहिले' | *भीँका/मोना* | 'किन' |
| *हीतो* | 'कति' | *आस्पो* | 'कस्को' |

## २.२ लिङ्ग (Gender)

*'-मा/-मु/-मे'* ले स्त्री लिङ्ग र *'-पा/-पु/-पे'* ले पुलिङ्ग जनाउदछन् । जस्तै:

| | | | |
|---|---|---|---|
| *एमा !* | 'आमा !' | *एपा !* | 'बुबा !' |
| *मामा* | 'आमा' | *पापा* | 'बाबु' |
| *गुरीकोमा* | 'अलच्छिना' | *गुरीकोक्पा* | 'अलच्छिन' |
| *सीलीमाङ्मा* | 'साकेला नृत्यमा अगुवाई गर्ने महिला' | *सीलीमाङ्पा* | 'साकेला नृत्यमा अगुवाई गर्ने पुरुष' |
| *आमु* | 'तिम्रो आमा' | *आपु* | 'तिम्रो बाबु' |
| *पावम्मु* | 'पोथी' | *पावम्पु* | 'भाले' |
| *ल:मे* | 'विधवा महिला' | *पेपे* | 'दाजु' |
| *बीरमे* | 'चेली' | *चेल्पु* | 'माइति' |

## २.३ विशेषण (Adjectives)

दुमी भाषामा अधिकांश गुणवाचक विशेषणहरू क्रियामा *'-सा'* प्रत्यय लागेर बन्दछन् । जस्तै:

| | | | |
|---|---|---|---|
| *खाक्सा* | 'तितो' | *राप्सा* | 'पिरो' |
| *घल्सा* | 'ठूलो' | *धाप्सा* | 'फराकिलो' |
| *तृम्सा* | 'ठिऱ्याउने' | *क्याप्सा* | 'चिल्ने' |
| *चाप्सा* | 'सारो' | *नक्सा* | 'गला लाग्ने' |

## २.४ क्रियाविशेषण (Adverbs)

### (अ) स्थानवाचक क्रिया विशेषण (Locational Adverbs)

| | | | |
|---|---|---|---|
| *ताम्बी* | 'यहाँ' | *माम्बी* | 'त्यहाँ' |
| *तुकुसी* | 'माथि' | *युकुसी* | 'तल' |

### (आ) समयवाचक क्रिया विशेषण (Temporal Adverbs)

| | | | |
|---|---|---|---|
| *आज्झोङ्का* | 'परार' | *आझोङ्का* | 'पोहोर' |
| *आस्नम्का* | 'हिजो' | *आपेका* | 'अघि' |
| *आम्ना* | 'आज' | *आजाका* | 'भरे' |
| *आजि* | 'पछि' | *आसाला* | 'भोलि' |
| *आनम्म* | 'आघुङ' | *आछेम्म* | 'पराघुँङ' |

## २.५ कारक - विभक्ति (Case clitics)

दुमी भाषामा निन्नअनुसारका कारक-विभक्तिहरू पाइन्छन् ।

**उर्जावत कारक (-आ)**

*नाना-आ जा खीप्नी ।* 'दिदीले भात पकाउनुभयो ।'

**करण कारक (-आ)**

*पेपे-आ बेथो-आ सु: कोक्नी ।* 'दाइले खुकुरीले दाउरा काट्नुभयो ।'

**कर्म कारक (-ø)**

*खीची-आ लल-ø खीखती ।* 'चोरले गहनापात चोरिलग्यो ।'

**अधिकरण कारक (-बि)**

*पबी कीम-बी मोता ।* 'पबि घरमा छ ।'

**अपादान कारक (-लाम्का)**

*बु-लाम्का सफु थाङ्‌ ।* 'रूखबाट पात खस्यो ।'

**सम्वन्ध कारक (-पो)**

*ताम् इङ्की-पो देल ।* 'यो हाम्रो गाऊँ हो ।'

## २.६ काल पद्धति (Tense System)

दुमी भाषामा भूतकाल र अभूतकाल गरी दुईवटा मात्र कालको रूपहरू रहेका छन् ।

### (अ) अभूतकाल (Non-past Tense):

| | | | |
|---|---|---|---|
| <u>**अनिषेधात्मक**</u> | | <u>**निषेधात्मक**</u> | |
| | **धातु+अभूत** | | **धातु+अभूत+अकरण** |
| *खुस्ता* | (खुस्+ता) 'जान्छ' | *खुस्तान* | (खुस्+ता+न) 'जादैन' |
| *चप्ता* | (चप्+ता) 'लेख्छ' | *चप्तान* | (चप्+ता+न) 'लेख्दैन' |
| *बीता* | (बि+ता) 'दिन्छ' | *बीतान* | (बि+ता+न) 'दिदैन' |

**(आ) भूतकाल (Past Tense):**

| | | | | |
|---|---|---|---|---|
| <u>**अनिषेधात्मक**</u> | | <u>**निषेधात्मक**</u> | | |
| | **धातु + भूत** | **अकरण + अभूत + अकरण** | | |
| *खुची* | (खुच्+इ) 'गयो' | *माखन* | (मा+खुच्+न) | 'गएन' |
| *चप्ती* | (चप्त्+इ) 'लेख्यो' | *माचप्न* | (मा+चप्+न) | 'लेखेन' |
| *बी* | (बि+-ø) 'दियो' | *माबीन* | (मा+बिA़न) | 'दिएन' |

## २.७ धातुमा लाग्ने केही व्युत्पादक सर्गहरू (Some nominal derivations from verb root)

(अ) **विशेषण** (Adjective) बनाउने प्रत्यय *'-सा'*

| | | | | | | |
|---|---|---|---|---|---|---|
| जस्तै: | *बुल्सा* | 'दौडने' | *खीप्सा* | 'पकाउने' | *कुर्सा* | 'बोक्ने' |
| | *क्याप्सा* | 'चिल्ने' | *थाप्सा* | 'तौलने' | *बाक्सा* | 'चुहिने' |

(आ) **क्रियामूल** (Verb root) बनाउने प्रत्यय *'-ना/-नु'*

| | | | | | | |
|---|---|---|---|---|---|---|
| जस्तै: | *बुल्ना* | 'दौडनु' | *खीप्ना* | 'पकाउनु' | *चप्ना* | 'लेख्नु' |
| | *कुर्ना* | 'बोक्नु' | *थाप्ना* | 'तौलनु' | *फाल्ना* | 'भत्काउनु' |

(**नोट:** खार्मी, जालपा, बाकुसिला र सप्तेश्वरमा *'ना'* को सट्टामा *'नु'* वा बाक्सिला बाहेक अन्य कतिपय ठाउँहरूमा दुबै रूप (*'नु'* वा *'ना'*) को प्रयोग भएको देखिन्छ ।)

(इ) **नाम** (Noun) बनाउने प्रत्यय *'-दम्/-दो'*

| | | | |
|---|---|---|---|
| जस्तै: | *ख्रप्दम* | (ख्रप्+दम) | 'छोप्ने' |
| | *खीप्दम* | (खिप्+दम) | 'पकाउने' |
| | *चप्दम* | (चप्+दम) | 'लेख्ने' |
| | *च्याम्दो* | (च्याम्+दो) | 'खेलौना' |

(ई) **प्रेरणार्थक प्रत्यय** (Causative Suffix) *'-मु'*

| | | | | |
|---|---|---|---|---|
| | **धातु + ना** | | **धातु + प्रेरणार्थक + ना** | |
| जस्तै: | *बुल्ना* | 'दौडनु' | *बुल्मुना* | (बुल्+मु+ना) 'दौडाउनु' |
| | *कुर्ना* | 'बोक्नु' | *कुर्मुना* | (कुर्+मु+ना) 'बोकाउनु' |
| | *चर्ना* | 'तिर्नु' | *चर्मुना* | (चर्+मु+ना) 'तिर्नलगाउनु' |

(उ) दुमी भाषामा **द्वित्व** (Reduplication) को प्रयोग पनि त्यतिकै मात्रामा पाइन्छ ।

| | | | | |
|---|---|---|---|---|
| जस्तै: | *कीम्* | 'घर' | *कीम्कीम्* | 'घरघरै' |
| | *देल* | 'गाउँ' | *देलदेल* | 'गाउँगावैं' |

*लाम्दु* 'बाटो' *लाम्दुलाम्दु* 'बाटैबाटो'

(ऊ) दुमी भाषामा शब्द निर्माण प्रक्रियामा समास (Compounding) को प्रयोग भएको पाइन्छ।

जस्तै: *तो* (तान) *पुक्सा* (बुन्ने) *खोम्* (ठाउँ) *तोक्खोम* 'तान बुन्ने ठाउँ'

*फु* (कुखुरा) *सु* (मासु) *फुसु* 'कुखुराको मासु'

*पो?* (सुँगुर) *चु* (बच्चा) *पोक्चु* 'सुँगुरपाठा'

## ३. वाक्यविज्ञान (Syntax)

दुमीभाषामा पदक्रम हेर्दा वाक्यमा कर्ता-कर्म-क्रिया (SOV) र पदावलीमा विशेषण-नाम (Adjective-Noun) रहेको देखिन्छ।

जस्तै: *झाराचु-आ ची दाप्नी।* 'सबैजनाले जाँड चाखे।'

*झाराचु* (सबैजना) *-आ* (-ले ) *ची* (जाँड) *दाप्नी* (चाखे)

*रीमुक्सा मीनु हल।* 'हसाउँने मान्छे आइपुग्यो।'

*रीमुक्सा मीनु* (हसाउने मान्छे) *हल* (आइपुग्यो)।

यसमा वचनका आधारमा कर्ता र क्रियावीच प्रत्यक्ष सङ्गति रहेको पाइन्छ।

जस्तै: *चु:चु-आ दुदु तुङ।* 'बच्चाले दूध पियो।'

*चु:चुनु-आ दुदु तुङ्सी।* 'बच्चादुईले दूध पिए।'

*चु:चुसु-आ दुदु तुङ्नी।* 'बच्चाहरूले दूध पिए।'

यसैगरी, प्रथम र द्वित्तीय पुरुषका क्रियामा सार्वनामीकरण पाइन्छ।

| क्र.स. | दुमी | नेपाली |
|---|---|---|
| १. | *आङ्आ पुमा प्रीदु।* | मैले फूल टिपैँ। |
| २. | *इन्चीआ पुमा प्रीची।* | हामी दुईले फूल टिप्यौँ। (समाबेसी) |
| ३. | *इङ्कीआ पुमा प्रेक्की।* | हामीहरूले फूल टिप्यौँ।(समाबेसी) |
| ४. | *उन्चुआ पुमा प्रीचु।* | हाम्दुईले फूल टिप्यौँ।(असमाबेसी) |
| ५. | *उङ्कुआ पुमा प्रेक्कु।* | हामीहरूले फूल टिप्यौँ।(असमाबेसी) |
| ६. | *आनीआ पुमा आप्रीदी।* | तिमीले फूल टिप्यौ। |
| ७. | *आन्चीआ पुमा आप्रीची।* | तिम्दुईले फूल टिप्यौ। |
| ८. | *आनीमुआ पुमा आप्रीस्नी।* | तिमीहरूले फूल टिप्यौ। |
| ९. | *उम्आ पुमा प्रीदी।* | उसले फूल टिप्यो। |
| १०. | *उन्चीआ पुमा प्रीस्सी।* | उन्दुईले फूल टिपे। |
| ११. | *उनीमुआ पुमा प्रीत्नी।* | उनीहरूले फूल टिपे। |